# भीमेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

बागमती प्रदेश, नेपाल


पत्र संख्या : ०८२/८३

चलानी नं. : ६३

मिति: २०८२/०४/१३

**विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।**

श्री जो जससँग सम्बन्धित छ।

उपर्युक्त सम्बन्धमा दोलखा जिल्ला भीमेश्वर नगरपालिका वडा नं. ७ स्थित सेतीदेवी माध्यमिक विद्यालय, काउले, दोलखामा रिक्त रहेको प्राथमिक तहको शिक्षक पद १ (एक) -मा सरुवाको प्रक्रिया अगाडी बढाइदिन भनी विद्यालयको चलानी नम्बर ०४-२०८२/८३, मिति २०८२/०४/१२ को पत्रबाट अनुरोध भई आएको हुँदा सम्बन्धित तहका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र जिल्लान्तर सरुवाको हकमा शिक्षा विकास तथा समन्वय इकाईको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिनका लागि शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको लागि जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

..............................

विशाकसेन ढकाल

प्रमुख प्रशासकीय अधिकृत

...केशेन ढकाल

प्रमुख प्रशासकीय अधिकृत

पुनश्च :

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना setidevisecondaryschool0@gmail.com मार्फत समेत निवेदन पेस गर्न सकिने छ।

२. म्याद नाघी वा तोकिए बमोजिम रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन।

३. सम्पर्कको लागि : ९८४४००३२८५ (प्रधानाध्यापक)

**बोधार्थ :**

१. श्री शिक्षा विकास तथा समन्वय इकाई, दोलखा

२. श्री सेतीदेवी माध्यमिक विद्यालय भीनपा-७, काउले, दोलखा – मुचुल्का गरी सूचना टाँस गर्नुहुन।

३. श्री सूचना प्रविधि शाखा, भीमेश्वर नगरपालिका- सूचना website मा प्रविष्ट गरिदिनुहुन।




इमेल : info@bhimeshwormun.gov.np, वेबसाइट: www.bhimeshwormun.gov.np, फोन नं. ०४९-४२११००, ४२१४९१